बाइबलका
शिक्षाहरुको
श्रेणी



परमेश्वरको
महान
योजनाको
बारेमा स्व
अध्ययन
पाठ्यक्रम

# संसारको लागि
# परमेश्वरको योजना

# संसारको लागि परमेश्वरको योजना

परमेश्वरको महान योजनाको बारेमा स्व अध्ययन
पाठ्यक्रम

Multi-Language
Productions
Bringing the Word to the World

प्रथम मुलपाठ पादरीहरुको  सॅस्थागत समुदअयको आज्ञाले गिशेष विश्कानसिन
इभेजेनिकल लुथरन सिनेड्  व्दारा प्रकाशित गरिएको थियो ।

कपिराइट @१९९६

विश्कानसिन इभेजेनिकल लुथरन सिनेडको गहुभाषा प्रकाशन व्दारा मुलपाठ
अनुकरण

२००६ मा प्रकाशित

रङगिन तथा सादा दृष्टान्तहरु ग्लेन मायरसको कार्य हो।
दृष्टान्तहरु नर्थवेस्टर्न पब्लिसिङग  हाउसले सुरक्षित राखेको छ।
धर्मग्रन्थ   पगित्र गाइगल, न्यु इन्टरनेशनल रिडर्स भर्जन गाट लिइएको हो।
कपीराइट १९९६,१९९८ इन्टरनेशनल  गाइगल सोसायटी को अनुमतिले
इन्टरनेशनल  गाइगल सोसायटील प्रयोग गरेको हो।

गुक ६

नेपाली अनुबाद: बी.आर. जोशी

# ७२ सूचीपत्र


| | |
|---|---|
| प्रारम्भमा | 1 |
| अध्याय एक: शुरुआतमा | 3 |
| अध्याय दुई: परमेश्वर र पापीहरु | 17 |
| अध्याय तीन: मुक्तिदाता | 31 |
| अध्याय चार: येशूले परमेश्वरको योजना पुरागर्नुहुन्छ । | 45 |
| अध्याय पाँच: येशूको सन्देशको बिस्तार | 57 |
| निष्कर्ष | 69 |
| शब्दावली | 71 |
| अध्याय जाचँका उत्तरहरु | 73 |
| अन्तिम जाँच | 75 |

# ०२ प्रारम्भमा

" किनभने परमेश्वरले संसारलाइ यति साह्रो प्रेमगर्नुभयो कि उहाँले आफ्नो एकमात्र पुत्रलाई सुम्पनुभयो ताकि उहामाथी बिश्वासगर्ने कोहीपनि नास नहोस तर त्यसले अनन्त जीवन पाओस" (यूहन्ना ३:१६) ।

के सबैथोक गुमाईसकेपछि कुनै कुरामा बिश्वास गर्न कठिन हुन्छ ? हुदैन | तपाई आफ्नो घर परिवार, काम र तपाईका मित्रहरुबाट अलगिएर रहनसक्नुहुन्छ तर तपाई येशु बाट कहिल्यै अलगिएर रहनसक्नुहुन्न् । येशु ले उहाँको हृदय उहाँका दाजुभाई र दिदीबहिनीहरुको लागि जहाँसुकै भएपनि खुला राख्नुहुन्छ ।

यो यस्तो पुस्तक हो जसमा पाठक, मार्गदर्शक र इतिहास को पाठहरु समावेश गरिएको छ | मलाई थाहा छ, म इतिहासको गारेमा बुझ्न त्यति धेरै उत्साही कहिल्यै भएको थिएन तर यहाँ केही प्रमुख महत्वपुर्ण जानकारीहरु छन् ।

यो पुस्तकमा भएको इतिहास महत्वपुर्ण छ । यो पुस्तकले तपाईलाई यस संसारमा रहेका सबै मानिसहरुलाई मुक्तिदाताको खाँचो किन थियो भन्नेकुरा र किन आज यस संसारमा रहने प्रत्येक मानिसहरुलाई मुक्तिदाताको खाँचो छ भन्ने कुरा सिक्न मद्दत गर्नेछ ।

तपाईले शायद येशुको जीवनको बारेमा पहिलेनै अध्ययन गरिसक्नुभयो होला र थाहा पाउनुभयो होला कि उहाँ त्यो मुक्तिदाता हुनुहुन्छ । यो इतिहासले किन परमेश्वरले हामीलाई बचाउन येशूलाई पठाउनुभयो भन्ने बारेमा बताउछ ।

प्रत्येक अध्याय एउटा सानो ताराले संकेत गरेको उदेश्यहरुको सूचिहरुबाट प्रारम्भ हुन्छ । ति उदेश्यहरुले तपाईले त्यस अध्यायमा के सिक्दै हुनुहुन्छ भन्ने बारेमा बताउनेछ । प्रत्येक अंशमा तपाइले केहि प्रश्न र उत्तरहरु पढ्नुहुनेछ । अध्यायको अन्तमा एउटा जाँच छ । यदि तपाइले अध्यायको अंश ध्यानपुर्वक पढ्नु भएको छ भने तपाइले प्रश्नहरुको सहि उत्तर सजिलै सग दिनसक्नुहुनेछ।

जब तपाई सबै प्रश्नोत्तर सक्नुहुन्छ, तपाईलाइ एउटा पेज नं. दिईएको छ, जसमा तपाई आफ्नो उत्तरहरु जाच्न सक्नुहुन्छ । यदि तपाईले त्यस पेजमा हेर्नुभयो भने सबैभन्दा मुनि सानो अक्षरमा उत्तरहरु लेखिएको पाउनुहुनेछ । तपाईको उत्तरहरु होसियारीपुर्वक जाच्नुहोस र यदि तपाइले केहि गल्तीहरु गर्नुभएको छ भने सच्याउनुहोस । अर्को अध्याय अध्ययन गर्नुभन्दा पहिले सबै प्रश्नहरुको उत्तरहरु जानीराख्न निश्चित हुनुहोस।

यस पुस्तकको अन्त्यमा एउटा अन्तिम जाँच छ, तपाईले त्यो जाँच पुरा गर्नुभन्दा पहिले सबै अध्यायका जाचँहरुको पुनरावलोकन गर्नुहोस । जब तपाई अन्तिम जाँच पुरागर्नुहुन्छ, तपाईले पुरागर्नु भएको जाँचको पेज तपाईलाई पुस्तक उपलब्द्ध गराउने व्यक्तिलाई दिनुहोस अथवा यस पुस्तकको पछाडी भएको ठेगानामा पठाउनुहोस ।

मलाई आशा छ तपाई यो पुस्तक पढेर आनन्द प्राप्त गर्नुहुनेछ । “यादराख्नुस शैतानको अध्यारो रात बितिसक्यो र दिन नजीकै आईपुगेको छ । यसकारण अन्धकारका काम त्यागेर हामी ज्योतीका हातहतीयार धारण गरौ ” (रोमी १३:१२) ।

*अध्याय एक*

# शुरुआतमा

जब तपाई नयाँशहरमा सर्नुपर्ने दिनहरु नजीकै आउनथाल्छ तपाई त्यहाँ गएर के गर्ने र कहिले त्यहाँ पुग्नुपर्ने हो जस्ता थुप्रै योजनाहरु बनाउन थाल्नुहुन्छ । तपाई कहाँ बस्नुहुनेछ ? के कामगर्नुहुनेछ ? र कस्ताप्रकारका मानिसहरुसंग तपाई मित्रता गास्नुहुनेछ भन्ने प्रकारका बिचारगर्नु पर्नेहुन्छ ।

अन्त्यमा, तपाईले प्रतिक्षा गरिरहनुभएको दिन आईपुग्छ । तपाई नयाँ सुरुआत गर्नको लागि तयार हुनुहुन्छ । तपाईका सबै योजनाहरु पुर्णछन् । तपाईको नयाँ जीवनको सामना गर्न तपाई तयार हुनुहुन्छ ।

तर तपाई पुर्णरुपमा ठिक तरिकाले योजना बनाउन जति कठिन प्रकारले कोशिस गरेपनि कुनै कुरामा केही गल्ती भएको नै हुन्छ । जब तपाईले बिचार गरेका ठाउँमा काम गर्नको लागि जानुहुन्छ, रोजगार दाताले तपाईलाई भन्नेछ कि तपाईलाई अरु नै कामको लागि उसले खटाएको हो । अथवा तपाईले बस्ने निर्णय गर्नुभएको ठाउँ तपाइले बिचार गरेको जस्तै असल नहुनसक्छ । वा तपाईले केही असल मित्रहरु बिचार गर्नुभएको मा खराब मित्रहरु को फेलापर्नुभयो । मानिसले बनाएको अति उत्तम योजना सधै असल प्रकारको कामगर्दैन् । हजारौ बर्षपहिले परमेश्वरले दुई जना मानिस आदम र हब्बा(ईभ)को लागि एउटा योजना बनाउनुभयो । परमेश्वरले तिनीहरु सदासर्वदाको लागि खुसीसाथ जिवन निर्वाह गरुन भन्ने चाहनुहुन्थयो । तर आदम र हब्बा(ईभ) परमेश्वरको सिद्द योजना बाट पतन भए । हाम्रो पहिलो अध्ययनमा जब तिनीहरुले परमेश्वरको सिद्द योजनालाई नास गरे, कसरी परमेश्वर उहाँका मानिसहरुलाई पापबाट छुटकारार दिन आउनुभयो ? भन्ने बारेमा सिक्नेछौ ।

संसार अचानक रुपमा सृष्टि भएको होईन् । परमेश्वरले संसारको सृष्टि गर्नुभयो । उहाँले संसारलाई बैज्ञानिकहरुकले बिचारगरेको जस्तो प्रकारले बनाउनुभएन् उहाँसगं सृष्टि गर्नकोलागि केही सर समानथिएन । उहाँले यसलाई बचनको प्रयोग गरेर सृष्टि गर्नुभयो । उहाँले संसार र यसमा भएका सबैथोकहरु पापरहित बनाउनुभयो ।

यो तथ्यको कारणले हामी र हाम्रा प्रत्येक सबैथोकको निम्ति परमेश्वरमा ऋणी छौ ।


यस अध्यायले तपाईलाई यि कुराहरु हेर्न मद्दत गर्नेछ ।

* संसार र मानिसहरु परमेश्वरद्धारा उहाँको योजनाअनुसार बनाईएका हुन् ।

* सुरुआतमा मानिसहरुले परमेश्वरको आज्ञा उङ्गलघन गरेर परमेश्वरको योजना भङ्गगरे, तिनीहरुलाई पापमै मर्न दिनुको साटो परमेश्वरले एउटा मुक्तिदाता पठाउने प्रतिज्ञा गर्नुभयो ।

बाइबलको सबैभन्दापहिलो वाक्यले भन्दछ " प्राचिनकालमा परमेश्वरले आकाश र पृथ्वी को सृष्टि गर्नुभयो (उत्पत्ति १:१)" । त्यसपछि यस गाइगलले पृथ्वीमा भएका सबैथोक रुखबिरुवा,जनावर र मानिसहरु परमेश्वरले कसरी बनाउनुभयो भन्नेबारेमा व्याख्या गर्दछ ।

सृष्टि शब्द हामी परमेश्वरले संसारको रचना गर्नुभएको जनाउन प्रयोग गर्दछौ । केही सृष्टि गर्नुको अर्थ केही नयाँ कुराको कल्पनागर्नु र त्यसलाई बनाउनुहो । हामी भन्नसक्छौ कि मानिसहरु ससाना कुराहरुको श्रृजना गर्न सक्छन् । जस्तै बिजुली को चिमको आविश्कार गर्नु आदि ।



परमेश्वरले पृथ्वीमा भएका सबैथोकको सृष्टि गर्नुभयो ।

तर तिनीहरुले प्रयोग गर्ने मस्तिष्क वा दिमाग परमेश्वरले तिनीहरुलाई दिनुभएकोहो, हातहरु परमेश्वरले तिनीहरुलाई दिनुभयो र आवश्यक सामाग्रीहरु परमेश्वरले तिनीहरुलाई दिनुभयो । यसैले तिनीहरुले यी चीजहरुबिना कुनैपनि कुरा सृष्टिगर्न सक्दैनन् ।

१. सृष्टिको अर्थ के हो ?

___

२. संसार र यसमा भएका सबैचीजहरु कसले बनाएका हुन् ?

___

पेज ८ मा भएका उत्तरहरु हेरेर तपाईका उत्तरहरु जाच्नुहोस ।

अध्ययनको लागि बाइबलको खण्ड:
उत्पत्ति १:१, उत्पत्ति १:२४, उत्पत्ति १:२७ र
भजनसंग्रह ८: १-४।

"(परमेश्वर) उहाले बनाउनुभएका सबैथोक हेर्नुभयो र यी साह्रै असल थिए" ( उत्पत्ति १:३१)। परमेश्वर जो सबैभन्दा असल र सबैभन्दा सर्वशक्तिमान हुनुहुन्छ, उहाँले दुष्ट संसार बनाउनु भएन् । उहाँले पाप र पापीहरुले भरिएको संसार बनाउनु भएन् ।

उहाँले सबैकुराको सृष्टि गरिसकेपछि, परमेश्वरले मानिसहरुलाइ आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो ।

यसको अर्थ यो होईन कि तिनीहरु परमेश्वर जस्तै देखिन्थे । यसको अर्थ यो हो कि तिनीहरु पवित्र थिए, पापरहित थिए र परमेश्वरलाई सिद्दरुपमा चिन्दथे । परमेश्वरले बनाउनु भएका मानव आदम, हब्बा(ईभ) र तिनीहरुपछि आउने प्रत्येकले असल जीवन जीउनेछन छिमेकीहरुसंग असल जीवन बिताउनेछन् र परमेश्वरलाइ प्रेम गर्नेछन भन्नेकुरा सोच्नुभयो । धेरै असल बरदानहरु जो परमेश्वरले उहाँका मानिसहरुको लागि योजना गर्नुभएको थियो, जसलाई आषिश भनिन्छ ।

१. परमेश्वरले बनाउनु भएको संसार कस्तो थियो असल कि दुष्ट ?

____________________________________

२. पहिलो पुरुष र स्त्रीको नाम के के थियो?

________________ र ____________________

३. आषिश शब्दको अर्थ के हो ?

____________________________________

पेज नं १० को मुनीतिर हेरेर तपाईका उत्तरहरु जाच्नुहोस ।

अध्ययनको लागि बाइबलको खण्ड

उत्पत्ति १:२८....२९, भजनसंग्रह ८: ६.....९

पेज नं. ७को उत्तर १. बनाउनु २. परमेश्वर

पापको मतलव परमेश्वरले जे चाहनुहुन्छ त्यो नगर्नुहो । परमेश्वरले आदम र हब्बा(ईभ)लाई पापबाट बचाउने प्रयास गर्नुभयो । उहाँले तिनीहरुलाई के गर्नुहुदैन भन्नुभयो । उहाँले तिनीहरुलाई यदि तिनीहरुले पाप गऱ्यो भने के हुनेछ भनेर चेतावनी दिनुभएको के थियो ।

तर परमेश्वरले मानिसलाई यन्त्रमानव जस्तो बनाउनु भएन् । परमेश्वरले ति दुई प्रथम मानिसहरुलाई यदि तिनीहरुले पापगर्न चाहे भने गर्नसक्ने अवसर दिनुभयो । यदि तिनीहरुले परमेश्वरको आज्ञा उङ्लंघन गर्ने इच्छा गरेभने तिनीहरुले त्यो गर्न सक्दथे ।

१. पाप के हो ?

___

२. के आदम र हब्बा(ईभ)लाई पाप गर्न नाध्य गराएको हो ?

___

पेज नं.१०को मुनी हेरेर तपाईका उत्तरहरु जाच्नुहोस ।

अध्ययनको लागि बाइबलको खण्ड:
उत्पत्ति २:१६ – १७

परमेश्वरले आदम र हब्बा(ईभ)लाई उहाँको आज्ञापालन गर्ने र उहाँमा तिनीहरुको भरोसा देखाउने अवसर दिनुभयो ।

उहाँले एउटा बिषेश रुख रोप्नुभयो र तिनीहरुलाई त्यस रुखको फल कहिल्यै नखानु अन्यथा तिनीहरु निश्चय नै मर्नेछौ भन्नुभयो ।

शैतान आयो र हब्बा(ईभ) संग झुटो बोल्यो । उसले भन्यो यदि हब्बा(ईभ)ले यस रुखको फल खाएमा तिनी परमेश्वर जस्तै हुनेछिन् । हब्ब(ईभ)ाले शैतानको कुरा सुनिन् । तिनले त्यो रुखबाट फल टिपेर खाईन र आफ्नो लोग्नेलाई पनि खानदिईन् र उसले पनि खायो । त्यहीक्षण तिनीहरुले थाहा पाए कि तिनीहरुले गल्तीगरे । तब तिनीहरु परेमश्वरबाट लुक्ने प्रयत्नगरे। तिनीहरुले परमेश्वरलाई यसको बारेमा झुटो बोल्ने प्रयत्न गरे ।

हुनसक्छ हामी यो सोच्नसक्छौ कि त्यो पाप त्यति धैरे खराब थिएन् तर परमेश्वरको न्यायमा कुनै पनि साना पापहरु थिएन् ।परमेश्वरले आदम र हब्बा(ईभ)लाई त्यस रुखको फल नखानु भन्नुभएको थियो ।

किनकी आदम र हब्बा(ईभ) प्रथम मानिसहरु थिए । त्यसपछिका सबैमानिसहरु आदम र हब्बा(ईभ)को पापमा जन्मन्छन्, जसरी कपालको रङ्ग, आखा र छाला आमाबुवाको जस्तै नानीहरुमा हुन्छ । आदम र हब्बा(ईभ)को पाप आजपनि हामीहरुसंग छ ।

पेज ८ का उत्तरहरु : १. असल २. आदम र हब्बा(ईभ) ३. असल बरदान
पेज नं.९का उत्तरहरु: १.परमेश्वरको आज्ञा उङ्गलंघन २.हुदैन्

१. कसरी आदम र हब्बा(ईभ)ले परमेश्वरको आज्ञा उङ्गलंघन गरे छोटकरीमा लेख ?

---

२. हामी कसरी भन्न सक्छौ कि आदम र हब्बा(ईभ)लाई तिनीहरुले गलत गरे भन्नेकुरा थाहा थियो ?

---

३. किन आदम र हब्बा(ईभ) को पापले को लागि अझै आजको मानिसहरु लाई मुक्ती दाता को खाचो छ ?

---

पेज १२मा हेरेर तपाईका उत्तरहरु जाच्नुहोस ।

यदि मानिसहरु पापगर्छन उनिहरुले त्यस पापको मोलतिर्नुपर्छ । किनकी आदम र हब्बा(ईभ)ले परमेश्वरको आज्ञा उङ्गलंघन गरे र परमेश्वरले तिनीहरुलाई दण्डदिनुभयो । तिनीहरुका पापको कारण पतन भएपछि उहाँले तिनीहरुको लागि बनाउनुभएको अचम्मको नगैचानाट तिनीहरुलाई निकाली दिनुभयो । त्यसबेला देखि तिनीहरुको संसार परिश्रम गरेर, पसिना बगाएर बाच्नुपर्ने, बिरामीहुने र मर्नुपर्ने भयो । यस संसारका प्रत्येक मानिसहरुले ति दु:खहरुको सामना गर्नु पर्नेछ ।

१. आदम र हब्बा(ईभ)लाई परमेश्वरले कसरी दण्डदिनुभयो ?

---

२. पापले संसारमा ल्याएका कठिनाईहरुको सुची बनाउनुहोस ?

---

पेज १४ मा हेरेर तपाईका उत्तरहरु जाच्नुहोस ।

अध्ययनको लागि बाइबलको खण्ड:
उत्पत्ति ३:१७-१९, प्रस्थान २०:५ख - ६

तर परमेश्वरले आदम र हब्बा(ईभ)लाई प्रेम गर्नुभयो । उहाँले तिनीहरुलाई बनाउनुभयो र उहाँले तिनीहरुलाई पुरै निरास र दु:खमै छोडनुभएन् । तुरुन्तै उहाँले तिनीहरु र पछि संसारमा आउने सबै मानिसहरुलाई तिनीहरुका पापबाट छुटकारा दिलाउने उध्दारकर्ता पठाउने प्रतिज्ञा गर्नुभयो । त्यो उद्धारकर्ता हाम्रो मुत्तिदाता येशू हुनेछ । उद्धार गर्नको अर्थ फिर्ता किन्नुहो । येशूले सबै मानिसहरुको लागि मोल तिरेर पाप र शैतानको दासत्वबाट फेरि किन्नुहुनेछ ।

यसको मतलव अझै पनि आदम र हब्बा(ईभ)लाई परमेश्वर बाट आशा थियो ।

पेज ११ का उत्तरहरु: १ उनिहरुले परमेश्वले जुन रुखको फल नखानु भन्नु भएको थियो त्यस रुख गाट फल टिपेर खाए। २. उनिहरु परमेश्वरगाट लुक्ने प्रयत्न गरे। ३ किनभने सगै मानिसहरु स्वभाविक रितिले पापी छन।

तिनीहरुले गरेका गल्तिलाई तिनीहरु सच्याउन सक्दैन्थे तर तिनीहरुलाई थाहा थियो कि परमेश्वर तिनीहरुलाई सहायता गर्नुहुनेछ ।

१.के परमेश्वरले, आदम र हब्ब(ईभ)ाले पापगरेपछि उनिहरुलाई बिर्सनुभयो ?

---

२. आदम र हब्बा(ईभ)ले पाप गरेपछि परमेश्वरले तिनीहरुसंग के प्रतिज्ञा गर्नुभयो ?

---

३. उद्धार शब्दको अर्थ के हो ?

---

पेज नं. १५ को मुनीतिर हेरेर तपाईका उत्तरहरु जाच्नुहोस ।

अध्ययनको लागि बाइबलको खण्ड:
भजनसंग्रह ९:९-१०, योयल २:१२-१३, भजनसंगंह ३२:१-२, योयल २:२३ भजनसंग्रह १११:१, १ कोरिन्थी १५:२२, रोमी ५:१२ - २१

यहाँ दिईएकोपुस्तअकको अशं अध्ययनगर्न अलि बढी छ तर बाइबलको प्रत्येक खण्ड महत्वपुर्ण छ । तपाईले सबै एकै पटक पढनुपर्दैन् । तपाईले अर्को खण्ड पढ्नुअघि एउटा खण्ड एकपटक राम्रो सॅग पढनुहोस र त्यसलाई मनन् गर्नुहोस ।

# अध्याय एकको साराशं

परमेश्वरले संसारलाई बनाउनुभयो । परमेश्वरले संसारमा भएका सबैथोक बनाउनुभयो । रुखबिरुवा, चराचुरुङ्गी, माछ्राहरु, जनावर र मानिसहरु सबै परमेश्वरले बनाउनुभएको हो । जब परमेश्वरले संसारलाई बनाउनुभयो, यो असल र सिद्द थियो ।

तर प्रथम मानव आदम र हब्बा(ईभ)ले परमेश्वरको आज्ञापालन गरेनन् । जब मानिसहरुले परमेश्वरको आज्ञापालन गर्दैनन, तिनिहरुले पाप गर्दछन् । पापको कारणले आदम र हब्बा(ईभ)ले संसारमा मृत्यू, द:ख र सबै प्रकारका कठिनाईहरु संसारमा ल्याए ।

परमेश्वर आदम र हब्बा(ईभ)बाट टाढाहुनु भएन् । परमेश्वरले पापलाई घृणा गर्नुहुन्छ। तर उहाँ सबै पापीहरु तिनीहरुले पाउनुपर्ने दण्ड र परमेश्वरको क्रोधबाट बचाउन चाहानुहुन्थ्यो । परमेश्वरले तिनीहरुको लागि एउटा मुक्तिदाता पठाउने प्रतिज्ञा गर्नुभयो । जसले हाम्रो मृत्यूको मोल तिरीदिनुहुनेछ, यसरी हाम्रा पापहरु क्षमा हुनेछन्। येशूले हामीलाई पापबाट उद्धार गर्नुहुनेछ ।

पेज १२ का उत्तरहरु : १ वँहाले तिनिहरुलाई उनिहरुको अचम्मको घरगाट निकालिदिनु भयो। २. मृत्यु, गिरामी, दु:ख, सनै प्रकारका समस्याहरु।

## अध्याय एकको जाँच

तलका प्रश्नहरुको उत्तर लेख ।

१. संसारको सृष्टि कसले गरयो ?

_______________________________________________

२. मानिसहरु परमेश्वरको _______________ सृष्टि गरिए ।

३. परमेश्वरले आदम र हब्बा(ईभ)लाई धेरै _________ दिनुभयो ।

४. के पहिलो स्त्री र पुरुष परमेश्वरको आज्ञा उङ्गलंघन गर्न सक्षम थिए ।

_______________________________________________

५. यदि कुनै व्यक्तिले परमेश्वरको आज्ञापालन गरेनभने उसले __________________ गर्दथ्यो ।

| |
|---|
| पेज १३ का उत्तरहरु : १. होइन २. मुक्तिदाता ३. फिर्ता किन्नु । |

६. आदम र हब्बा(ईभ) ________________ का पुर्खा थिए ।

७. बिरामी र मृत्यू ________________ द्धारा संसारमा आयो ।

८. परमेश्वरले आदम र हब्बा(ईभ)लाई एउटा__________________ पठाउने प्रतिज्ञा गर्नुभयो ।

९. परमेश्वर पापलाई ________________ गर्नुहुन्छ तर उहा पापीहरुलाई ________________ चाहानुहुन्छ ।

१०. उद्धारको अर्थ________________________ हो ।

पेज ७३ मा हेरेर तपाईका उत्तरहरु जाच्नुहोस ।

अध्याय दुई

# इतिहासले परमेश्वर र पापीहरुको बारे मा सिकाउछ ।

तपाई र म कुनैपनि कुरा चाडै नै भएको मनपराउछौ । हामीलाई पर्खिराख्न मनपर्दैन। जब खाने समय आउदछ, हामी सबै खाना छिट्टै हामीलाई सुम्पिईदिएको चाहान्छौ । हामी पंक्तिमा उभेर पर्खन सक्दैनौ । जब हामी बिरामी हुन्छौ, हामी हाम्रो सबैभन्दा असल साथीलाई यसको बारेमा बताउने कोशिश गर्दछौ ताकि उसले हाम्रो बारेमा असल सहानुभुति प्रकट गर्न सकोस र हामीलाई ।हामीलाई चाडै सहयोग उपलब्ध होस भन्ने चाहन्छौ। एउटा

क्षेत्रबाट हामी अरु मानिससंगको सम्बन्ध चाडै नै उत्तम बनाउने ईच्छा गर्दछौ । हामी आफैलाई बाहेक बोलीद्धारा वा कामद्धारा अरु मानिसहरुलाई चोट पुगाई रहन्छौ भन्ने कुरामा कुनै संका नै छैन्। हामीले गरेका पापहरुले हामीलाई मात्र चोट पुरयाउदैनन् तर यसको साथसाथै अरु प्रसस्त मानिसहरुलाई पनि असर पुरयाउछ । हामी ति मानिसहरुलाई क्षमा माग्नुपर्नेहो वा हामी ति मानिसहरुलाई क्षमा गर्नुहोस भन्नसक्छौ तर सबै परिस्थितीहरुले यसको अनुमति दिदैनन् । के हामीले गरेका सबै दुष्टकामहरुको लागि साच्चै अफसोच गरेका छौ भनेर कसैलाई बिश्वास दिलाउन सकिन्छ ?

आदम र हब्बा(ईभ)ले यस्तै प्रकारका कुराहरुको अनुभव गरे । तिनीहरुका कार्यहरुद्धारा तिनीहरुले परमेश्वरलाई,तिनीहरु आफै र तिनका भविश्यका सन्तानहरुलाई चोट पुरयाए । तिनीहरु छिट्टै नै यो समस्याको समाधान चाहान्थे । तर जसरी तपाई यो अध्यायमा हेर्नुहनेछ कि परमेश्वरलाई उहाँको छुटकाराको योजना अनुसार गर्न समय लाग्यो । उहाँले आफना् मानिसहरुलाई उहाँतिर फर्काउन केहि दण्ड र बिपत्तिहरुको प्रयोग गर्नुपरयो । आउनुहोस हामी नजीकबाट इतिहासलाई हेरौ कि कसरी परमेश्वरले पापीहरुलाई के गर्नुभयो ।

परमेश्वरले आदम र हब्बा(ईभ) लाई मुक्तिदाता पठाउने प्रतिज्ञा गर्नुभएको मुक्तिदाता आउनुभएको थिएन् । हजारौ बर्ष सम्म मानिसहरुसंग कुनैदिन मुक्तिदाता आउनेछन् भन्ने प्रतिज्ञा मात्र थियो ।



परमेश्वरले आदम र हब्ब(ईभ)लाई धेरै आषिश दिनुभयो ।

यस अध्यायमा तपाई निम्नकुराहरु सिक्नुहुनेछ ।

* पुरानो नियमको समयमा परमेश्वरका सबै मानिसहर पापी थिए, जसलाई मुक्तिदाताको खाँचो थियो ।

* धेरैपटक परमेश्वरले तिनीहरुको लागि चेतावनीहरु पठाउनुभयो र तिनीहरु तिनीहरु का कार्यद्धारा परमेश्वरलाई र अरु मानिसहरुलाई चोट पुरयाएको मा पश्चाताप गर्थे र क्षमाको लागि येशूलाई हेर्दथे । तर कुनै मानिसहरु तिनीहरुका पापमा परिरहन्थे र पश्चाताप गर्न अट्टेरी गर्दथे अथवा उनिहरु पश्चताप गर्न चाहदैनथे

* र परमेश्वरले अट्टेरीहरुलाई दण्डदिनुभयो र पश्चाताप गर्नेहरुलाई क्षमा गर्नुभयो ।

आदम र हब्बा(ईभ)ले तिनीहरुको आफ्नै जीवमा पापको कष्टको अनुभव गरे, परमेश्वरले तिनीहरुलाई दण्डदिनु भएको कारणले मात्र होईन् तर जब तिनीहरुको छोरा कयिनले आफ्नो दाजु हाबिलको हत्या गरयो । पापगर्नेलाई मात्र नभएर अरुहरुलाई पनि पापले दु:ख दिन्छ । जब यूसुफका दाजुहरुले उसलाई नौकरकोरुपमा बेचीदिए, तिनीहरुले उसलाई मात्र हानी पुरयाएनन् तिनीहरुले उसको बुढो बुबा याकुबलाई पनि धेरै दुखी तुल्याए ।

कयिन र याकुबका दाजुहरुको बिचमा सबैभन्दा ठुलो भिन्नता चाहिँ कयिनले गेरेको पापको लागि उसले पश्चाताप गरेन् र उसले क्षमाको लागि परमेश्वरलाई पुकारेन् । जब यूसुका दाजुहरुले पछि पश्चाताप गरे र परमेश्वरसित र युसूफ सित क्षमामागे । तिनीहरु पश्तापाप गर्ने पापीहरु थिए ।

१. पापको लागि पश्चाताप गर्नुको अर्थ के हो ?

---

२. के सबै प ापीहरु पश्चताप गर्दछन् ?

---

पेज नं २२मा हेरेरतपाईका उत्तरहरु जाच्नुहोस ।

अध्ययनको लागि बाइबलको खण्ड:
भजनसंग्रह १२:१-२, मिका ७:२-४, न्यायकर्ता ३:७, ३:१२क, ४:१, ६:१क, १०:६,

धेरैपटक बाइबलले हामीलाई ति मानिसहरुको बारेमा बताउछ, जसले पाप गरेका थिए । यस्तो देखिन्छ कि सदोमका मानिसहरु वा मिश्रदेशको फारो जस्ता दुष्ट मानिसहरुले मात्र पाप गरेनन् तर नोहा र राजा दाउद जस्ता असल मानिसहरुले पनि पाप गरेकाछन् । यसप्रकार बाइबलले हामीहरुलाई तिनिहरुको पापहरुको बारेमा नर्णन गर्दछ । सबै मानिसहरु पापी छन् । सबै मानिसहरुले पश्चाताप गर्नुपर्दछ । सबै मानिसहरुलाई मुक्तिदाताको खाँचो छ ।

परमेश्वर उहाँले बनाउनु भएको मानिसहरुले दुष्ट, छली, आशारहित पापीको रुपमा बाँचेको चाहानुहुन्न् । एकजना राजनितिज्ञ लेखकले एक पटक भनेका छन् कि जीवन लोभी, अप्रसन्न, निर्दयी र छोटो छ । तर परमेश्वरको आशय कहिल्यै पनि त्यस्तो थिएन् ।

मुक्तिदाता आउनुभन्दा पहिले पनि परमेश्वरले परमेश्वरले मानिसहरुलाई तिनीहरुका पापबाट पश्चाताप गर्न डोरयाउन महान बर्ताव गर्नुभयो । कुनैबेलाउहाँ उहाँले तिनीहरुलाई सच्याउनुभयो र जब तिनीहरुले पापगरे उहाँले दण्ड दिनुभयो । उहाँको पैगम्नरद्धाराउहाँले तिनीहरुलाई सधै के असल हो भन्नेकुरा सिकाउनुभयो र सहायता गर्नुभयो । परमेश्वरले मानिसहरुलाई नास गर्न चाहनुभएन् । उहाँ सबैले उहाँलाई चिन्न आएको र बाचेको चाहनुभयो ।

१. किन बाइबलले हामीलाई नोहा र दाउद जस्ता मानिसहरुको पापको बारेमा बताउछ ?

___

पेज २१ काउत्तरहरु १ : पापको लागि पश्चाताप गर्नु २. होईन्

२.यदि परमेश्वरले मानिसहरु दु:खी भएको हेर्न चाहनुहुदैनथ्यो भने किन वँहाले उनिहरुलाई दण्ड दिनुभयो ?

---

३.परमेश्वरले ठिक के हो ? भन्नेकुरा कसरी सिकाउनुभयो ?

---

पेज नं.२४ को मुनीतिर हेरेर तपाईका उत्तरुहरु जाच्नुहोस ।

अध्ययनको लागि बाइबलको खण्ड:
भजनसंग्रह ५ :४ - ६ , मिका ६ :१० - १३ , यशैया ४८: १७ - १८ , भजनसंग्रह २५: ८ - १० , योहोशू २४:२५ - २६

किन परमेश्वरले मानिसहरुलाई दण्ड दिनुहुन्छ ? किनकी तिनीहरुले दण्डीतहुनु आवश्यक छ । किन पश्चाताप गर्नेहरुलाई उहाँले क्षमा गर्नुहुन्छ ? किनभने तिनीहरुले क्षमा पाउनु आवश्यक छ । परमेश्वरको सिकाईले उहाँको क्षमा र प्रेम देखाउछ । उहाँको बचनद्धारा उहाँका मानिसहरुलाई पापद्धारा नासहुन बाट जोगाएर उहाँले मजबुत राख्नुहुन्छ ।

परमेश्वरले सबै पापीहरु बाचेको चाहानुहुन्छ । एउटैमात्र बाटो ख्रिष्टमा बिश्वास द्धारा तिनीहरु बाच्नसक्छन्, जसको दु:ख,मृत्यू र पुनरुत्थानले सबै पापीहरुको लागि (आत्मिकी खतराहरु बाट छुटकारा) उद्धार कमाएको छ । परमेश्वरको प्रेम र येशूको कामको यो सन्देशलाई शुसमाचार भनिन्छ ।

जब पवित्रआत्माले हामीलाई शुसमाचार येशूले हाम्रो लागि गर्नुभएको असलकामहरु स्वीकार गर्न अगुवाई गर्नुहुन्छ, हामी येशूमा बिश्वासी हुन्छौ । शुसमाचार द्धारा पवित्रआत्माले पापीहरुका हृदयमा बचाउने बिश्वास सृजना गरिदिनुहुन्छ ।

धेरै पापीहरुले शुसमाचार सुन्दछन् तर सबैले ख्रिष्टमा बिश्वास गर्दैनन् । त्यसको एउटा कारण तिनीहरु आफ्ना पापहरुको निम्ती पश्चाताप गर्न अस्वीकार गर्दछन् । तिनीहर बिचार गर्दछन् कि तिनीहरुलाई मुक्तिदाताको खाँचो छैन् । त्यसकारण परमेश्वर तिनीहरुका पापको निम्ती पश्चाताप गर्न र तिनीहरुलाई मुक्तिदाताको खाँचो छ भन्ने अवस्थामा ल्याउन तिनीहरुलाई दण्डदिनुहुन्छ ।

१. किन परमेश्वर पापीहरुलाई दण्ड दिनुहुन्छ ?

___

पेज नं. २६मा हेरेर तपाईका उत्तरहरु जाच्नुहोस ।

पेज २२..२३ का उत्तरुहरु १. हामी लाई सबैमानिसहरु पापीछन् भन्ने देखाउन । २. तिनीहरुलाई पश्चातापगर्न डोरयाउन ३. उहाँले पैगम्गरहरुलाई पठाउनुभयो

अध्ययनको लागि बाइबलको खण्डहरु:
एज्रा ९:६ – ७, भजनसंग्रह १८:४ – ६, भजनसंग्रह २७:७– ११

बाइबलले देखाए अनुसार दण्ड बिभिन्न प्रकारले आउनसक्छ । राजा दाउद व्यभिचारको (बिबाह नगरिकन शारिरिक सम्बन्ध राख्नु) पापमा परेपछि उसको सानो छोराको मृत्यू भयो । कुनै बेला पुरै देशमा बिरामी फैलियो, कुनै बेला अर्को देश संग लडाईमा हार्नुपरयो र कुनै बेला देशमा खानेकुराको अनिकाल परयो । जब यि कुराहरु परमेश्वरको दण्डको रुपमा आए । उहाँले मानिसहरुलाई तिनीहरुलाई दण्ड दिईएकोछ भन्नेकुरा बताउन पैगम्बरहरु (जो परमेश्वरको लागि बोल्नुहुन्छ) पठाउनुभयो । परमेश्वरको पैगम्बरहरुले दाउद राजालाई दोषी ठहरयाएपछि राजा दाउदले परमेश्वरसंग क्षमा मागे ।

दुष्ट कुराहरुको लागिमात्र परमेश्वरको दण्ड आउदैन् । अयूबलाई उसको बिश्वासमा उ कति स्थिरछ भन्ने जाच्नको लागि उसलाई कठिनाईहरु आए ।

१. परमेश्वरले कस्तो प्रकारको दण्ड पठाउनुहुन्छ?

________________________________________

२. किन मानिसहरु परमेश्वरबाट दण्डित मात्र नभएर अरु दु:खहरु पनि किन झेल्नुपर्छ? अर्को कारण दिनुहोस ।

---

पेज नं २८को मुनि तिर हेरेर तपाईका उत्तरहरु जाच्नुहोस ।

अध्ययनको लागि बाइबलको खण्ड:
एज्रा ९ :६ – ७, भजनसंग्रह १८: ४ – ६, भनजसंग्रह २७: ७ – ११

के त्यहाँ को कोहिपनि छैनन, जो परमेश्वरमा बिश्वासयोग्य भएर स्थिर रहनसक्छ ? ठिक छ, कोहिपनि सिद्दरुपमा परमेश्वरमा बिश्वासयोग्य हुनसक्दैन् किनभने सबै मानिसहरु पापी छन। तर त्यहाँ केहि मानिसहरु थिए, जो सबै प्रकारको कठिनाईमा पनि प्रतिज्ञा गरिएको मुक्तिदातालाई बिश्वास गर्दथे ।

कस्तो प्रकारको दु:ख ? अँ यूसुफ दासको रुपमा बेचियो र पछि झ्यालखानामा राखियो र उसका साथीहरुलाई जलाउनको लागि अग्नीकुण्डमा राखियो । यूसुफ र दानियल दुबै त्यस्ता शासकहरुको लागि काम गर्दथे, जो परमेश्वरलाई बिश्वास गर्दैनथे । तिनीहरुको वरीपरी त्यस्ता मानिसहरु थिए, जो परमेश्वरमा बिश्वास गर्दैनथे ।

पेज नं. २४ का उत्तर : उहाँतिनीहरुले पापहरुको लागि पश्चाताप गरेका र तिनीहरुलाई परमेश्वरको खाचो छ भन्ने थाहा पाएको चाहानुहुन्थ्यो ।

अयूबको छोराछोरीहरु सबै मारिए । उसले आफ्नो सबै सम्पति गुमायो । उसको छालामा चिलाउने दागहरु आयो । तर निकै दुर्दशाको स्थितीमा उसका तिन जना साथीहरुले पनि उसलाई नै दोष लगाए ।

१. पुरानो नियम का तिनजना मानिसहरुको उदाहरण दिनुहोस, जो कठिनाईको समयमा पनि परमेश्वरमा स्थिर र बिश्वासयोग्य रहिनैरहे ।

---

२. के तपाईलाई परमेश्वरमा बिश्वासयोग्य रहिरहन इसाईहरुको वातावरणमा रहनुपर्दछ ?

पेज नं २८ मा हेरेर तपाईका उत्तरहरु जाच्नुहोस ।

अध्ययनको लागि बाइबलको खण्ड:
भजनसंग्रह १० : १४, भजनसंग्रह १५, जकरिया ७:८ - १०, मिका ६:८, भजनसंग्रह १६:२, भजनसंग्रह १६: ७ - ८

## अध्याय दुईको साराशं :

आज संसारमा हुने प्रत्येक मानिसहरु पहिलो पुरुष र पहिलो स्त्री आदम र हब्बा(ईभ)का सन्तानहरु हुन् । सबै मानिसहरु तिनीहरुबाट आएका हुन् ।

किनभने सबै मानिसहरु एकै मानविय परिवारका भएका हुनाले सबै आदम र हब्बा(ईभ)को पापमा भागिदार भएकाछन् । सबै मानिसहरुलाई दु:ख कष्ट र कठिन समय थियो, मानिसहरु लाई धेरै नराम्रो कुराहरु भए ।

ति सबै कठिनाईहरुमा हाम्रो एकमात्र सहायता परमेश्वर हुनुहुन्थ्यो । आदम र हब्बा(ईभ)ले मुक्तिदाता आउनुहुनेछ भन्ने प्रतिज्ञा पाए । तिनीहरुका सन्तान दरसन्तानहरुले दोहरयाई दोहरयाई पाप गरे । केहिले चाँहि प्रतिज्ञाको सम्भना गरे र मुक्तिदाता आउनुहुने समयको आशामा रहे ।

पेज नं. २५,२६र २७ का उत्तरहरु : १. बिरामी, अनिकाल, लडाई २. तिनीहरुको बिश्वासको जाँच गर्न १. यूसुफ, दानियल, अयूब २. आवश्यक छैन्

## अध्याय दुईको जाँच

तलका प्रश्नहरुको उत्तर लेख्नुहोस ।

१. कयिन ________________ र _________________ को छोरा थियो ।

२. कयिनले उसको भाई हगिनलाई ___________________________।

३. आफ्ना दाजुहरु द्धारा दासहुनको लागि बेचिने मानिस ________________________________ थियो ।

४. त्यो व्यक्ति जो पापकोलागि पश्चाताप गर्दछ र क्षमाको लागि येशूलाई हेर्दछ, उसलाई ____________ भनिन्छ ।

५. के त्यो सत्य हो कि दुष्ट मानिसहरु मात्र पाप गर्दछन् ?

______________________________________________

६. के सबै मानिसहरु पापीहुन् ?

______________________________________________

७. कहिलेकाहिँ परमेश्वरले मानिसहरुलाई ______________________ डोरयाउन दण्डदिनुहुन्छ ।

८. व्यभिचारको पापको कारण परमेश्वरद्धारा दण्डित राजाको नाम __________________________ थियो ।

९. के यो साँचो हो कि सबै प्रकारका दण्डहरु परमेश्वरबाट आउदछन् ?

---

७३ पेजमा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस ।

## अध्याय तिन

# इतिहासले मुक्तिदाता कहाँ डोरयाउछ ।

मनिसहरुले हामीलाई बर्षभरी नै प्रतिज्ञा गरिरहन्छन् । तिनीहरु हामीलाई भेटन्आउछौ भन्दछन्, पत्रहरु लेख्छौ भन्दछन्, रुपिया पैंसा दिन्छौ भन्दछन् वा कसैसंग सम्पर्क गराईदिन्छौ भन्दछन् । तिनीहरु हामीलाई दुःखकष्टमा पर्दा सहयोग गर्नेछौ भन्दछन् । तर हामी ति प्रतिज्ञाहरु टुटेको कारण धेरैपटक निरुत्साहित हुन्छौ । मानिसहरु जसले हामीलाई प्रतिज्ञा गर्दछन् धेरैजसो ति प्रतिज्ञाहरु पुरागर्दैनन् । यसले हामीलाई सोध्छ कि के हामी कसैलाई पुर्णरुपमा भरोसा गर्नसक्दछौ ।

यहाँ एकजना हुनुहुन्छ जसलाई हामी सधै भरोसा गर्नसक्छौ । उहाँले हामीसंग गर्नु भएका प्रत्येक प्रतिज्ञाहरु पुरागर्नु हुन्छ । उहाँ परमेश्वर हुनुहुन्छ । हामी बाइबलमा उहाले हामीसंग गर्नु भएका प्रतिज्ञाहरुको बारेमा पढ्दछौ । आदम र हब्बा(ईभ)ले जस्तै  हामीले पनि परमेश्वरको आज्ञा उङ्लंघन गरेका छौ । हुन सक्छ सानो छँदा हामीले हाम्रो बुवाआमाको आज्ञा उङ्लंघन गरेका थियौ । वा श्रीमान श्रीमती, छोराछोरी मा एकअर्कालाई दु:ख पुरयाएका हुनसक्छौ । शायद हामीले व्यवसायबाट पैसा चोरेका हुनसक्छौ । हुनसक्छ हामीले कसैलाई पिटेका र घाईते बनाएका हुनसक्छौ । हामीले दुष्टकुरा हाम्रो छिमेकीलाई भनेका हुनसक्छौ । हामीले जे पनि गरेकाछौ, हामीले परमेश्वरको दश आज्ञालाई अनुशरण गरेका छैनौ । हाम्रो शैतानियत र दुष्ट क्रियाकलापले हामीलाई दु:खी तुल्याउछ ।

हाम्रो परमेश्वरले हामीलाई देख्नुभएकोछ कि हामी उहाँमा धेरै महत्वपुर्ण छौ र हामी नासमा परेको उहाँ चाहनुहुदैन । उहाँले हामीलाई एउटा प्रतिज्ञा दिनुभाये कि एकदिन एकजना मुक्तिदाता हामीलाई हाम्रा पापबाट बचाउन आउनुहुनेछ । उहाँले हामीलाई आफ्नो प्रतिज्ञा एकपटकमात्र दिनुभएन तर बाइबलमा धेरै पटक दिनुभएकोछ ।

यो निश्चय नै त्यो सन्देश हो जो हामीलाई दोहरयाईनु आवश्यक छ । यदि हामीले हाम्रो संसारको इतिहास हेरयौ भने हामी देख्दछौ कि इतिहासले मुक्तिदाता कहाँ डोरयाउदछ । त्यसकारणले इतिहासको प्रत्येक शब्द बाइबलमा लेखिएकोछ । परमेश्वर आफैले बचन दिनुभयो र मोशा र अरु मानिसहरुलाई हाम्रो लागि अध्ययन गर्न र सिक्नको लागि ति बचनहरु लेख्ने प्रेरणा दिनुभयो । ति बचनहरु खाली कथामात्र होईनन् । यद्दपी ति बचन निकै चाखलाग्ने छन् । परमेश्वरले ति मानिसहरु लाई बचन सिकाउन प्रयोग गर्नुभयो । उहाँले अझै पनि आजका मानिसहरुलाई सिकाउन ति बचनहरुको प्रयोग गर्नुहुन्छ ।

यस अध्यायमा तपाई सिक्नुहुनेछ ।

* परमेश्वर बिश्वायोग्य हुनुहुन्छ यद्दपी मानिसहरु हुदैनन् ।

* परमेश्वरले मुक्तिदाताको बारेमा मानिसहरुलाई धेरैपटक सम्झाई राख्नुभयो ।

* परमेश्वरका पैगम्बरहरुले मुक्तिदाताको बारेमा सिकाए ।

* मुक्तिदाता आईसकेपछि पनि किन सिकाई आवश्यकछ ?

परमेश्वरले आफ्नो मानिसहरुलाई नियम दिनुभयो । हामी त्यो नियम दश आज्ञा पनि भन्दछौ । उहाँले आफना मानिसहरुलाई तिनीहरुको सुरक्षा गर्न र तिनीहरु लाई कसरी जीवन जीउनुपर्दछ भन्ने सिकाउन नियम दिनुभयो । तर परमेश्वरले उहाँको नियम अर्को कारणको लागि दिनुभयो जो धेरै महत्वपुर्ण थियो । परमेश्वरले मानिसहरुलाई तिनीहरुका पाप देखाउन र तिनीहरुलाई मुक्तिदाताको आवश्यकता छ भन्ने देखाउन नियम दिनुभयो ।

परमेश्वरले उहाँका पैगम्बरहरुलाई बचन दिनुभयो र मुक्तिदाताको बारेमा उहाँको प्रतिज्ञा लेख्ने प्रेरणा दिनुभयो । बाइबलमा लेखिएको सबै कुराहरु मुक्तिदाता आउनुभएपछि कस्तो भएको हुनुहुनेछ भन्ने सिकाउन लेखिएको हो ।

१. परमेश्वरले मानिसहरुलाई तिनीहरुको पाप देखाउन र तिनीहरुलाई ________________________ आवश्यकता छ भन्ने थाहा गर्न उहाँको नियम दिनुभयो ।

२. परमेश्वरले उद्धारकर्ता(मशि हा)को बारेमा गर्नुभएको प्रतिज्ञा कसरी मानिसहरुलाई भन्नुभयो?

________________________________________________

पेजनं.३६मा भएका उत्तरहरु हेरेर तपाईका उत्तरहरु सोध्नुहोस ।

अध्ययनको लागि बाइबलका पाठहरु:
भजनसंग्रह १००:५, भजनसंग्रह १०७: १-२,
यशैया ४४:२४-२६क

संसारमा भएका सबै मानिसहरुमध्य एउटा बिषेश मानिसहरुको समुहलाई परमेश्वरले उहाँको प्रतिज्ञा गरिएको उद्धारकर्ता को अभिभाकत्वको लागि छान्नुभयो । उहाँले यिमानिसहरु जसलाई इस्रायली भनिन्थ्यो तिनीहरलाई बिषेश ध्यान दिनुभयो । परमेश्वरले इस्रायलका मानिसहरुलाई मुक्तिदाता येशू तिनीहरुबाट आउनुहुनेछ भन्नुभयो ।

यद्दपी जब उहाँ आउनुहुनेछ मुक्तिदाता सबै मानिसहरुको लागि हुनुहुनेछ परमेश्वरगाट गरिएको प्रतिज्ञा नबिर्सनको लागि निश्चय हुन इस्रायलीहरुको बिषेश कर्तव्य थियो ।

१. कुन मानिहरु प्रतिज्ञा गरिएको उद्धारकर्ताको अभिभावकहुन छानिएको थियो ?

---

२. के मुक्तिदाता इस्रायललाई मात्र बचाउन आउदैहुनुहुन्थयो ?

---

पेज नं. ३६ को मुनीतिर हेरेर तपाईका उत्तरहरु जाच्नुहोस ।

अध्ययनको लागि बाइबलको खण्ड:
उत्पत्ति १२:१-3, उत्पत्ति १५:१, उत्पत्ति २८:१३–१५।

सबै परमेश्वरका मानिसहरुको इतिहासमा, परमेश्वरले तिनीहरुलाई उहाँले मुक्तिदाता पठाउदैहुनुहुन्छ भनेर सम्झाई रहनुभयो । महाजलप्रलय पछि परमेश्वरले मानिसहरुलाई तिनीहरुका पापको कारण फेरी कहिल्यै जलप्रलय द्धारा पृथवीको नास नगर्ने प्रतिज्ञा गर्नुभयो । उहाँले नोहासंग उद्धारकर्तालाई पठाउनुहुने प्रतिज्ञा फेरी दोहरयाउनुभयो ।

परमेश्वरले अब्राहामसंग उद्धारकर्ता तिनको परिवारबाट आउनुहुनेछ भन्ने प्रतिज्ञा गर्नुभयो । अब्राहामलाई बिश्वासको पिता भनियो किनकी उनी महान व्यक्तिहरुका पुर्खा हुदैथिए ।

परमेश्वरले प्रतिज्ञालाई दोहरयाई रहनुभयो । उहाँले इसाहाक, याकुब र राजा दाउद संग प्रतिज्ञा दोहरयाउनुभयो ।

१. उत्साहवर्दक कथाको साथसाथै किन हामी नोहा र अब्राहाम जस्ता मानिसहरुको बारेमा पढ्दछौ ।

---

२. के परमेश्वरले नोहाको समयमा गरेको जस्तै फेरी संसारलाको सर्वनास गर्नुहुनेछ ?

---

पेज ३८मा तपाईका उत्तरहरु जाच्नुहोस ।

पेज ३४ का उत्तरहरु: १. उद्धारकर्ता २. प्रतिज्ञा लेख्ने मानिसहरु पैगम्बर थिए ।
पेज ३५ का उत्तरहरु: १. इस्रायल, २. होईन



जलप्रलयको समयमा सुरक्षित राख्नुभएको कारण नोहाले
परमेश्वरलाई धन्यबाद चढाए ।

अध्ययनको लागि बाइबलको खण्ड:
उत्पत्ति ८:२१-२२

परमेश्वरबाट दिनुभएको बचन मानिसहरुलाई पढ्न र त्यस अनुसार जिवन जिउनको लागि पुस्तकमा लेख्ने इतिहासमा पहिलो व्यक्ति मोसा थिए । मोसाले जे लेखेर पुस्तकमा राखे त्यसलाई हामी बाइबल भन्दछौ । मोसाले उत्पत्ति, प्रस्थान, लेवी, गन्ती(अंक) र इतिहासका पुस्तकहरुलेखे । मोसा र अरु मानिसहरु जसले परमेश्वरको बचन लेखे, तिनीहरुलाई पैगम्बर भनिन्छ । पैगम्बरहरुले कहिले काहीं भविश्यमा के हुन गईरहेको छ भन्नेकुरा बताउदथे ।

प्रतिज्ञा गरिएको उद्धारकर्ताको अर्को नाम मशिहा ख्रिष्ट हो । येशू मानिसहरुलाई तिनीहरुका पापबाट बचाउन आउनुहुनेछ भन्ने भविश्यबाणी मुक्तिदाता सम्बन्धि हो । यशैया र मिका दुबैले प्रसिद्द मुक्तिदाता सम्बन्धि भविश्यबाणी लेखे ।

पेज नं. ३६का उत्तर १. तिनीहरुले परमेश्वरको प्रतिज्ञा हामीलाई सम्झाउदछन् ।
२. होईन

१. परमेश्वरको पहिलो बचन लेख्ने मानिस को हो ?

________________________________________

२. पैगम्बर शब्दको अर्थ के हो ?

________________________________________

३. यशैया र मिका को थिए ?

________________________________________

पेज नं ४०को मुनीतिर हेरेर तपाईका उत्तरहरु जाच्नुहोस ।

अध्ययनको लागि बाइबलका खण्डहरु:
यशैया ७:१४, यशैया ९:६-७, यशैया ५३, मिका ५:२

बिद्यालयमा हामी जान्दछौ कि जब खबर पत्रिकाको संवाददाताले कथा लेख्न सुरु गर्दछ, कथाले जब सम्म को, के, कहिले, कहाँ, किन र कसरी को जवाफ लेख्दैनन् तब सम्म कथा असल हुदैन ।

परमेश्वरका पैगम्बरले यि मसिहाको बारेमा सबैकुरा बताउँदछन् । परमेश्वरले स्पष्टसंग सिकाउनुभयो कि उद्धारकर्ता कस्तो हुनुहुनेछ र उहाँले के गर्नुहुनेछ । जब उद्धारकर्ता आउनुहुनेछ, उहाँ को हुनुहुन्छ भनेर चिन्न नसक्ने त्यहाँ कुनै बहाना हुनेछैन् । मानिसहरुले उहाँलाई चिन्नेछन् ।

पैगम्बरहरुले मानिसहरुलाई उद्धारकर्ता कहाँ जन्मिनुहुनेछ ? कस्तो परिवारबाट उहाँ आउनुहुनेछ?, उनको आमा एक कन्या हुनेछिन्, कसरी उहाँ कार्य गर्नुहुनेछ? र उहाँले धेरै अरु कुराहरु गर्नुहुनेछ भन्ने बारेमा बताए ।

अध्ययनको लागि बाइबलका पाठहरु:
मिका ५:२, मिका ५:४-५, जकरिया ९:९, यशैया ७:१४, यशैया ९:२, यशैया ९:६-७, यशैया ११:१-५, यशैया ११:१०-११,

परमेश्वरका मानिसहरुको बिचमा बिश्वासीहरु आउनुहुने उद्धारकर्तालाई पर्खिरहेका थिए । यद्दपी तिनीहरु पापी नै थिए ता पनि तिनीहरुले परमेश्वरको प्रतिज्ञामा तिनीहरुको बिश्वास स्पष्टसाथ व्यक्त गरे । तिनीहरु प्रतिज्ञा गरिएको मशिह जो आउदैहुनुहुन्थ्यो उहाँद्धारा बचाईनेछौ भन्ने कुरामा बिश्वास गर्दथे ।

यो बिश्वास सजीलो भएको बेलामा मात्र नभएर कठिन समयमा पनि हो । अयूबलाई धेरै समस्याहरु आए तर पनि उसले यि कुराहरु भन्न सक्यो "म जान्दछु कि मेरो उद्धारकर्ता जीवित हुनुहुन्छ, अन्त्यमा उहाँ पृथ्वीमा आउनु हुनुहुनेछ । मेरो छाला नास भएपछि मेरो शरिरमा म परमेश्वरलाई देख्ने छु । म आफै मेरो आफ्नै आखाले देख्ने छु, म उहाँलाई देख्नेछु र उहाँ मेरो लागि अनौठौ हुनुहुनेछैन । मेरो हृदय त्यो दिनको लागि कति उत्सुक छ" (अयूब १९:२५-२७) ।

पेज नं. ३९ का उत्तरहरु: १ मोसा २ एउटा व्यक्ति जो परमेश्वरको वाणी मानिसहरुलाई भन्दछ ३ पैगम्बर

१. परमेश्वरको उद्धारकर्ता पापीमानिसहरुको लागि हो जसको अर्थ परमेश्वरले इसाईहरुको लागि संसारिक जिवन सहज बनाउनुहुनेछ भन्ने हो ?

---

पेज नं ४२ को मुनीतिर हेरेर तपाईका उत्तरहरु जाच्नुहोस ।

अध्ययनको लागि बाइबलको खण्ड:
योहोशू २४:१४-१८, भजनसंग्रह ६:४, मिका ७:७, अयूब १९:२५,२७

परमेश्वरले पापीहरुको लागि उद्धारकर्ता पठाउनुको मतलव यो होईन कि परमेश्वरले संसारमा भएका बिश्वासीहरुको जिवन सहज बनाईदिनुहुनेछ । कहिलेकाहिँ परमेश्वरले आफ्ना मानिसहरुको जाँच गर्नुहुन्छ । कहिलेकाहीँ परमेश्वरले तिनीहरुलाई भविश्यमा ठुला कठिनाईको सामना गर्न सिकाउनुहुन्छ ।

समय कठिन भएपनि बिशवासी अझैपनि परमेश्वरको सन्तान हो ।

१. जीवनमा कठिनाई आउनुको अर्थ के परमेश्वरले हजुरलाई अब प्रेम गर्नुहुन्न् भन्ने हो ?

---

२. जीवनमा आउने कठिनाईलाई कसरी परमेश्वरले हाम्रो फाईदाको लागि प्रयोग गर्नुहुन्छ ?

---

पेज ४२मा तपाईका उत्तरहरु जाच्नुहोस ।

अध्ययनको लागि बाईबलको खण्ड:
भजनसंग्रह ४:६-८, हबकुक ३:१७-१८, मिका ७:८-९,
यो समयमा भजनसंग्रह ९८ पढ्नु नेस हुन्छ ।

## अध्याय तीनको साराशं:

प्राचिनकाल देखि नै परमेश्वरले प्रतिज्ञा गर्नुभएको उद्धारकर्ता सबै मानिसहरुका लागि हुनेछन् । उद्धाकर्ता आदम र हब्बा(ईभ)का सबै सन्तानहरुको लागि हुनेछन् । उद्धाकर्ता नआउन्जेल सम्मको लागि प्रतिज्ञाको बिषेश अभिभाकत्व को लागि परमेश्वरले एउटा जातिलाई छान्नुभयो । त्यो समुहलाई इस्रायल भनिन्थ्यो ।

परमेश्वरले अब्राहाम, इस्रायलहरुका पुर्वज लाई उद्धाकर्ता तिनीहरुको परिवारबाट आउनुहुनेछ भन्नुभयो परमेश्वरले आफ्नो उद्धाकर्ता पठाउने प्रतिज्ञा धेरै पटक दोहरयाउनुभयो । यद्दपी मानिसहरुले परमेश्वरको प्रतिज्ञालाई बिर्सेपनि परमेश्वर कहिल्यैपनि बिर्सनुभएन ।

दण्ड र शिक्षा द्धारा परमेश्वर उहाँका मानिसहरुलाई पापगर्नु असल होईन भन्नेकुरा सम्भ्कदाउैगर्नु भयो र उँहाले पुन:उनिहरुलाई उद्धाकर्ता को खाँचो छ भन्नेकुरा सम्झाउनुभयो।

पेज नं. ४१ का उत्तर: १ होइन

## अध्याय तीनको जाँच

तलका प्रश्नहरुको उत्तर लेख्नुहोस ।

१. के परमेश्वर कहिल्यै उद्धारकर्ता पठाउने प्रतिज्ञा बिर्सनुभयो ?

______________________________________________

२. इस्रायलका मानिहरुको पुर्वज ____________________ थियो ।

३. परमेश्वरको उद्धारकर्ता पठाउने प्रतिज्ञाको इस्रायल ______________________________________ थियो ।

४. परमेश्वरको उद्धारकर्ता पठाउने प्रतिज्ञा के इस्रायलको लागि मात्र थियो ?

______________________________________________

५. पहिलो व्यक्ति जसले परमेश्वरको बचन पुस्तकमा लेख्यो___________________________________ थियो ।

६. उद्धारकर्ता को अर्को नाउ ____________________ हो ।

७. ति लेखकहरु जसले आउनुहुने मुक्तिदाताको बारेमा बताए ___________________________________थिए ।

८. के परमेश्र्वरको प्रतिज्ञानुसार उ्दारकर्ता पठाउनुको अर्थ इस्रायलमा समस्याहरु नहुनु हो ?

______________________________________________

९. कहिलेकाहीँ परमेश्वर बिश्वासीहरुलाई कष्टहुन दिएर ______________________________ गर्नुहुन्छ ।

पेज नं.७३ मा हेरेर तपाईका उत्तरहरु जाच्नुहोस ।

पेज नं.४२ काउत्तरहरु :
१.होईन २. परमेश्वर हामीलाई सिकाउन सक्नुहुन्छ वा जाच्नुहुन्छ ।

अध्याय चार

# येशूले परमेश्वरको योजना पुर्ण गर्नुभयो ।

जब कसैले अपराध गर्दछ र उ त्यस अपराधको लागि दोषी ठहरिन्छ, अनि हामी भन्दछौ कि त्यो व्यक्तिको व्यक्तिगत जिवनी असल छैन् ।

येशूख्रिष्टको पनि जिवन थियो । तर उहाँको जिवन खराब थिएन् । येशूको जीवनी दुष्टकुराहरु र शब्दहरुले भरिएको थिएन् । येशूले कहिल्यै पनि कुनै प्रकारको गलत गर्नुभएन् । उहाँको जिवनी हामीकहाँ मत्ति, मर्कुस,

लुका र यूहन्ना जस्ता मानिसहरु द्धारा आउदछ, जसले नयाँ करारका पाँचवटा पुस्तकहरु लेखे ।

ति मानिसहरुले गिश्वसनिय साक्षीहरु दिए कि येशू त्यहि ब्यक्ति हुनुहुन्छ जो उहाँले भन्नुभएको थियो। येशू लामो समयदेखि प्रतिक्षा गरिएको मुक्तिदाता हुनुहुन्छ । येशू परमेश्वरको योजना पुर्णसिद्द गर्नुहुन्छ। शुसमाचारका लेखक मत्ति,मर्कुस,लुका र यूहन्नाले येशूको जन्म र जीवनको बारेमा बताए । तिनीहरुले येशूले मानिसहरुलाई सिकाउनुभएका कुराहरु बताए । तिनीहरुले येशू कसरी मर्नुभयो र मृत्यूबाट फेरी उठ्नुभयो भन्नेकुरा पनि बताए ।

शुसमाचारका लेखकहरुले येशूको जीवनको बारेमा हामीलाई बताउनेक्रममा तिनीहरु मशिहाको प्रशंग को बारेमा गरिएको प्रतिज्ञामा गएका छन् । शुसमाचार लेखकहरु आदम र हब्बा(ईभ) , नोहा, अब्राहाम, याकुब र दाउदको प्रशंग पुस्तकमा गए । तिनीहरु त्यसपछी पैगम्गरहरुले प्रयोग गरेका बचनमा गए ।

किन तिनीहरुले यसो गरे । शुसमाचारका लेखकहरुले नासरथका येशूले ति सबै भविश्यबाणी पुरागर्नु भएकोछ भन्ने देखाउन धेरै जसो मुक्तिदाता सम्बन्धी भविश्यबाणी को प्रयोग गरे । पुरानो नियमका सबै मुक्तिदाता सम्बन्धी भविश्यबाणीहरु पुरागरेर येशूले उहाँ साच्चै प्रतिज्ञा गरिएको उद्धारकर्ता हुनुहुन्छ भन्ने प्रमाणित गर्नुभयो । उहाँ मशिह, उद्धारक, परमेश्वरको पुत्र, परमेश्वर आफै हुनुहुन्थ्यो र उँहाले सबै मानिसहरुलाई उँहानै प्रतिज्ञा गरिएको उद्धारकर्ता हुनुहुन्छ भन्ने गिश्वास गरेको चाहनुहुन्छ।

यसअध्यायमा तपाई:

* हेर्नुहुनेछ कसरी येशूको जन्मले मुक्तिदाता जन्मने भविश्यबाणी पुराभयो ।

* हेर्नुहुनेछ कसरी येशूको जीवन र सेवकाईले मुक्तिदाताको जीवन र सेवकाईको भविश्यबाणीलाई पुरा गर्दछ ।

* हेर्नुहुनेछ कसरी येशूको शिक्षाले मुक्तिदाताले के सिकाउनुहुनेछ भन्ने भविश्यबाणीलाई पुरा गर्दछ ।

* हेर्नुहुनेछ कसरी येशूको मृत्यू र पुनरुत्थानले येशू कसरी सबै पापीहरुलाई बचाउनुहुनेछ भन्ने भविश्यबाणीलाई पुरा गर्दछ ।

येशूको जीवन र संसारमा मुक्तिदाताको कार्यको बारेमा अधिक व्याख्याको लागि बाइबलका शिक्षाहरुको पाठ्यक्रम येशूख्रिष्ट फेरी पढ्नुहोस ।

पैगम्बर मिकाले भनेका थिए कि उद्धारकर्ता को जन्म बेतलेहममा हुनेछ । येशूको जन्म बेतलेहममा भयो । पैगम्बर यशैयाले भनेका थिए, येशू कि आमा कन्या हुनेछिन् । येशूकि आमा मरियम येशूको जन्म हूने बेला सम्म कन्यानै थिईन् । पैगम्बरले भनेका थिए उद्धारकर्ता दाउदको वंशबाट आउनुहुनेछ । मरियम र येशूको सौतेलो पिता योसेफ दाउदको वंशका थिए ।

१. येशू कुन राजाको वंशबाट आउनुभयो ?

---

२. भविश्यवक्ताले येशूकी आमा कस्ती हुनेछन् भने ?


---

३. येशूको जन्म कहाँ भयो ?

---

पेज नं.५० मा भएका उत्तरहरु हेरेर तपाईका उत्तरहरु जाच्नुहोस ।

अध्ययनको लागि बाइबलको खण्ड:
लुका १:२६-३५, मत्ति १:१८-२३, लुका २:४-७



मरीयमले बालक येशूलाई लुगाले बेह्रेर डुंडमा सुताईन् ।

यद्दपी जब येशू बालक नै हुनुहुन्थ्यो पैगम्गरहरुले भने जस्तै उहाँको जीवनमा भयो । जो सुकैले परमेश्वरको बचन अध्ययन गरेर देख्नसक्छ कि परमेश्वरको बचनमा प्रतिज्ञा गरिएको कुरा येशूले पुरा गर्नुभयो । उहाँ हुर्कदै गएपछि उद्धारकर्ताको जिवन र सेवाको भविश्यबाणी गरिएजस्तै उहाँको जिवन र सेवाहरु मिल्नगयो । यसखण्डबाट बाइबलको अनुच्छेदमा निम्न लिखित उदाहारण पढनुहोस ।

१. के येशूको जीवन भविश्यबाणीहरुसंग मेलखायो ?

___

२. एउटा बिश्वासी जो परमेश्वरको बचन अध्ययन गर्दछ के येशू उद्धारकर्ता हुनुहुन्छ भनेर थाहा पाउँदछ ।

___

पेज नं.५२ मा भएका उत्तरहरु हेरेर तपाईका उत्तरहरु जाच्नुहोस ।

अध्ययनको लागि बाइबलको खण्ड:
मत्ति २:१४, २:१६-१७, मत्ति २:२१-२३, मत्ति ३:१-३,

येशूको शिक्षाको बारेमा:
मत्ति ४:१२-१७, मत्ति ५:१७, मत्ति १३:१०-१७

पेज ४८का उत्तरहरु १. राजा दाउद २. कन्या ३. बेतलेहम

येशूको मृत्यू र पुनुरुत्थानको बारेमा:
१ कोरिन्थी १५:२२-२५, मत्ति २१:१-७, मत्ति २६:
३१-३२, मत्ति २७:६-१०, मत्ति २८ : १-१०

यो धेरै महत्वपुर्ण थियो कि येशूले गर्नुभएको सबैकुरा परमेश्वरको योजनाअनुसार थियो । भविश्यबाणीहरुलाई पुरागर्दै परमेश्वरले आदम र हब्बा(ईभ)सित धेरै समय पहिले गर्नुभएको प्रतिज्ञा येशूले पुरागर्दैहुनुहुन्थ्यो । उहाँ परमेश्वरले धेरै पटक अरु पापीमानिसहरु सित गर्नुभएको प्रतिज्ञा पुरागर्दैहुनहुन्थ्इो । यदि येशूले प्रतिज्ञा पुरा नगर्नुभएको भए, उहाँले मानिसहरुलाई पापबाट बचाउन सक्नुहुने थिएन् ।

परमेश्वरले प्रतिज्ञा गर्नुभएजस्तो दुरुस्तै गरेर येशूले परमेश्वरको आज्ञापालन गर्दैहुनुहुन्थ्यो । उहाँ धेरै पहिले आदम र हब्बा(ईभ)ले परमेश्वरको आज्ञापालन नगरेर जे गरेनन्, त्यहि गर्दैहुनुहुन्थ्यो ।

यदि येशू सत्य मानव नहुनु भएकोभए उहाँ हाम्रो निम्ती मर्नसक्नुहुने थिएन । यदि येशू सत्य परमेश्वर नहुनुभएको भए उहाँ मृत्यूबाट पुनरुत्थान हुनसक्नुहुने थिएन् । एउटैमात्र उपाय, परमेश्वरले उद्धारको लागि बनाउनुभएको योजनालाई पुर्ण गरेर येशू मानिसहरुलाई तिनीहरुका पापबाट मानिसहरुलाई बचाउन सक्नुहुन्थ्यो । उहाँलाई पितापरमेश्वरको आज्ञा पालन पुर्णतया गर्नु थियो।

१- येशुले भविष्यवाणी पुर्ण गर्दा वहाँ के गर्नुहुदैथियो ?

---

२- किन येशु लाई सत्य मानव हुनु परयो ?

---

३- किन येशु सत्य परमेश्वर हुनुहुन्छ ?

---

पेज नं ५४मा हेरेर तपाईका उत्तरहरु जाच्नुहोस ।

## अध्याय चारको शारांश

जब परमेश्वरको उहाँलाई पठाउने समय आयो, मुक्तिदाताको जन्मभयो । उहाँ नाउँ येशूख्रिष्ट हो । उहाँ प्रतिज्ञा गरिएको मशिह हुनुहुन्छ । उहाँ परमेश्वर द्धारा प्रतिज्ञा गरिएको उद्धारक हुनुहुन्छ । पुर्वजहरुले उहाँ आउनुहुनेछ भन्ने आशा गरेका थिए । सबै भविश्यवक्ताहरुले उहाँ आउनुहुनेछ भन्ने भविश्यबाणी गरेकाथिए ।

येशूले परमेश्वरको आज्ञा सिद्दरुपमा पालनगर्नुभयो । परमेश्वरको योजना अनुसार येशूले सबैकुरा गर्नुभयो । उहाँले पापरहित जीवन जीउनुभयो । उहाँ पापी मानिसहरुलाई बचाउन मर्नुभयो ।

पेज १३ का उत्तरहरु : १. हो २. हो ।

मानिसहरु जो परमेश्वरको बचन अध्ययन गर्दछन् र यसबाट भन्नसक्दछन् कि येशू नै मुक्तिदाता हुनुहुन्छ । उहाँ जसरी उद्धारकर्ता को जन्म हुनेछ भनेर भविश्यबाणी भएको थियो, त्यसरी नै जन्मनुभयो । उहाँ उद्धारकर्ता को जीवनको बारेमा भविष्यबाणी गरिएजस्तै जीवन जीउनुभयो । उहाँले उद्धारकर्ताले जस्तैगरि सिकाउनुभयो । उहाँ जसरी उद्धारकर्ताले मर्नु पर्दथ्यो, त्यसरी नै मर्नुभयो ।

परमेश्वरले प्रतिज्ञा गर्नुभए जस्तैगरि येशू मृत्यूबाट फेरीउठनुभयो र देखाउनुभयो कि उहाँले मृत्यूमाथी बिजयी प्राप्त गर्नुभएकोछ । उहाँ उद्धारक हुनुहुन्छ । परमेश्वरको योजना येशूमा पुराभयो ।

# अध्याय चारको जाँच

तलका प्रश्नहरुको उत्तरलेख्नुहोस ।

१. जब उद्धारकर्ता आउनुभयो उहाँको नाउँ ______________________________ थियो ।

२. उद्धारकर्ताको अरु नाउँहरु ________________ र ______________________________ हुन् ।

३. येशूले ______________ द्धारा जे भविश्यबाणी गरिएको थियो, येशूले गर्नुभयो ।

४. येशू राजा ______________________ को वंशमा जन्मिनुभयो ।

५. येशू ________________ शहरमा जन्मनुभयो ।

६. के येशूले पुर्णसिद्द रुपमा परमेश्वरको आज्ञा पालनगर्नुभयो ?

____________________________________

७. के येशूले कहिल्यै पाप गर्नुभयो ?

____________________________________

पेज ५२का उत्तरहरु १. वहाँले परमेशवर को आज्ञा पालन गर्नु भयो। २.हाम्रो लागि मृत्यु प्राप्त गर्नु हुनेछ । ३. उहाँ मृत्यु गाट फेरी उठनु हुनेछ।

८. के येशू मर्नुभयो ?


__________________________________________

९. के येशू मृतकबाट फेरी उठनुभयो ?

__________________________________________

१०. येशूले परमेश्वरको उद्धारको योजना
___________________________________गर्नुभयो ।

पेज नं.७३ मा हेरेर तपाईका उत्तरहरु जाच्नुहोस ।



झ्यालखानाको हाकिमले पावल र सिलासलाई केहि खानेकुरा दिए।

## अध्याय पाँच


# येशूको सन्देशको फैलावट

येशु हाम्रो मुक्तिदाता हुनुहुन्छ भन्ने बारेमा हामीसंग भएको त्यो सन्देश हामीले आफैसंग नराख्ने सन्देश हो । त्यो सन्देश हामी अरु मानिसहरु संग बाड्न चाहान्छौ । तर तपाई भन्नुहुन्छहोला म त पास्टर होईन, वा हेर्नुस, मैले मेरो जीवनमा धेरै प्रकारको दुष्टकुराहरु गरेकोछु किन परमेश्वर म जस्तोलाई प्रयोग गर्नुहोला र ? तपाई किन नहुने ? परमेश्वरले पावल जस्तो मानिसलाई लिनुभयो, जसले मानिसहरुलाई मण्डलीबाट तानेर बाहिर ल्याउदै तिनीहरुलाई मारेको थियो र उहाँले पावललाई प्रेरित बनाउनुभयो ।

परमेश्वरले पत्रुसलाई लिनुभयो जो घमण्डी र रुखो थियो, उहाँले पत्रुसलाई नम्र र येशूको विश्वासयोग्य अनुयायी बनाउनुभयो । परमेश्वरले तपाईलाई तपाईको संसारमा भएका मानिसहरुलाई उहाँको योजनाको बारेमा भन्नलाई गन्दैहुनुहुन्छ ।

येशू रहनुभएको र उहाँको मृत्यूभएको जमिन धेरै सानो थियो । यो सानो राज्य भन्दा ठुलो थिएन् । येशू भएको देशमा धेरै मानिसहरुपनि रहदैन्थे । येशूको मृत्यू भएको बेला सांरमा भएका सबैले येशूको बारेमा सुनेका थिएनन् ।

त्यसकारण येशूले बिश्वासीहरुलाई गएर अरुहरुलाई उहाँको बारेमा बताउनलाई भन्नुभयो । संसारमा भएका सबै इसाईहरुले यो आज्ञा पाएका छन् । येशूको शुसमाचारको फैलावट गर्नु प्रत्येक इसाईको प्रामिथकाम हो । यो प्रत्येक बिश्वासीहरुको कर्तव्य पनि हो । येशूको बारेमा अरुलाई सुनाउने काम सबैबिश्वसीहरलाई दिईएको, उ जहाँ भएपनि र जस्तो भएपनि केही फरक पर्दैन् । तिनीहरु धनी वा गरिब, सुन्दर वा कुरुप र जवान वा बुढो जस्तो भएपनि केही फरक पर्दैन् ।



येशूका मित्रहरुले येशूको प्रेमको बारेमा अरु मानिसहरुलाई बताए ।

१. के येशूको मृत्यूपछि परमेश्वरको मानिसहरुलाई बचाउने योजना समाप्तभयो ?

---

२. किन, हो अथवा किन होईन् ?

---

पेज नं.६२ मा हेरेर आफ्नो उत्तरहरु जाच्नुहोस ।

अध्ययनको लागि बाइबलको खण्ड:
यशैया १२:४–६

प्रत्येक इसाईहरुलाई परमेश्वरको बचन र येशूख्रिष्टको शुसमाचार फैलाउन प्रभुले दिनुभएको आज्ञालाई महान आज्ञा भनिन्छ ।

महान आज्ञाले भन्दछ "सबै संसारका मानिसहरुलाई अनुयाई बनाउ" (मत्ति २८:१८)। यसको अर्थ यो होईन कि हामी प्रत्येक देशमा जानैपर्दछ । यसको अर्थ यो हो कि हामीले भेट्ने प्रत्येकलाई येशूले हामीलाई हाम्रा पापबाट बचाउनुभएकोछ भनेर बताउनु पर्दछ ।

यदि तिनीहरुले येशूलाई पहिलेनै चिनीसकेका भएपनि असल हुन्छ । प्रत्येकले येशू को हुनुहुन्छ र उहाँले हाम्रो लागि के गर्नुभयो भन्ने कुरा दोहरयाउन सक्छ ।



येशूले अनुयायीहरुलाई सिकाउन र बप्तिसम दिन पठाउनुभयो ।

१. महान आज्ञा कसले पाए ?

---

२. येशूको बारेमा कसले सिक्नु पर्दछ ?

---

पेज नं.६४ मा हेरेर आफ्नो उत्तरहरु जाच्नुहोस ।

अध्ययनको लागि बाइबलको खण्ड:
मत्ति २८:१६-२०

येशू हामीलाई हाम्रा पापहरुबाट बचाउन मर्नुभयो । हामी हाम्रो बिश्वासद्धारा क्षमाको बरदान पाउदछौ । के यसको मतलव अबदेखी इसाईहरु पापीहुदैनन् ? के यसको मलतव इसाईहरु सिद्द मानिसहरु हुन् ?

होईन, यद्दपी येशूलाई पछ्याउनेहरु जोहरुले पहिलोपटक महानआज्ञाको बारेमा सुने तिनीहरु पापी मानव नै थिए । येशूलाई पच्छ्याउनेहरु अझैपनि बहश गर्दैथिए । तिनीहर अझै डराउदथे । तिनीहरु अझैपनि बिरामीहुन्थे र तिनीहरुको मृत्यू हुन्थ्यो ।

पेज ६० का उत्तरहरु १. होइन २. परमेश्वरको शब्दहरु अझै मानिसहरु कहाँ पुगेको छैन।

१. ति मानिसहरु जो येशूमा बिश्वास गर्दथे के तिनीहरु सिद्द मानिसहरु थिए ।

---

२. येशूमा बिश्वासगर्ने हरुको दुईवटा समस्याहरुको सूची बनाउनुहोस ।

---

पेज नं.६५मा हेरेर आफ्ना उत्तरहरु जाच्नुहोस ।

तर इसाईहरु जो परमेश्वरको शुसमाचार फैलाउन गएका थिए तिनीहरु सिद्द मानिसहरु थिएनन् । मानिसहरु सिद्द नभएपनि येशूको नाउँमा महान कुराहरु गर्नसक्छन् । हामी कुनैकुराहरु गर्नलाई आफैद्धारा सहासको खोजी गर्ने आसा गर्नुहुदैन् ।

परमेश्वरले बिश्वासीहरुलाई सहायता गर्न पवित्र आत्मा पठाउनुहुन्छ । पहिलो पटक पवित्रआत्मा इसाईहरुमा पेन्तीकोसको दिनमा आउनुभयो जो येशू स्वर्गमा पुग्नु भएको दश दिन पछि पर्दछ । त्यसबेला देखि पवित्रआत्मा इसाईहरु संग सधैंको लागिहुनुहुन्छ ।

पवित्र आत्मा इसाईहरुलाई असल जीवन जीउन सहायता गर्नुहुन्छ । पवित्रआत्माले इसाईहरुलाई पवित्र बाइबल अध्ययन गर्न सहायता गर्नुहुन्छ । पवित्र आत्माले इसाईहरुलाई अरुहरुलाई सिकाउन सहायता गर्नुहुनेछ ।

१. इसाईहरुलाई सहायता गर्न परमेश्वरले कसलाई पठाउनुभयो ?

_________________________  _________________________

२. पवित्रआत्मा कहिले आउनुभयो ?

__________________________________________________

पेज नं.६६ मा हेरेर आफ्ना उत्तरहरु जाच्नुहोस ।

**नोट:**

इसाईहरुको जीवनको बारेमा केहि पुनरावलोकनहरु ।
पवित्रआत्माले हामीलाई बिश्वास गर्न बोलाउनुहुन्छ ।
हामीले बिश्वासगरेपछि पवित्रआत्माले हामीलाई सिकाउनुहुन्छ । जब हामी बाइबल पढद्छौ

पवित्र आत्माले हामीलाई पवित्र गनाउछ , पवित्र शब्द को अर्थ के हो ? यसको अर्थ पवित्र आत्माले हामीलाई हाम्रो दैनिक पापहरु सँग लडेर पापलाई पन्छाउन सहयोग गर्छ अनि हामी परमेश्वरको आज्ञा पालन गर्न सक्छौ र पवित्र आत्माले हामीलाई सत्य विश्वास दिन्छ। पवित्रआत्माको सहायताले हामी परमेश्वरको महानआज्ञाको पालन गर्नसक्छौ ।

परमेश्वर मानिसहरु कमजोर भएपनि तिनीहरु द्धारा कामगर्नुहुन्छ ।

पेज नं.६२का उत्तरहरु : १. सबै इसाईहरु २. संसारमा भएका सबै

पत्रुसको बारेमा बिचारगर्नुहोस, पत्रुस त्यस्तो मानिस हो, जसले येशूलाई तीनपटक सम्म इन्कार गरयो । तर पछि उसले येशूको नाउँमा लंगडालाई निको पारयो ।

उ त्यो मानिस हो जसले निरोध गर्नेहरुले नगर्नु भन्दाभन्दै पनि मानिसहरुको बिचमा गएर प्रचार गरयो । उ त्यहि मानिसहो जो आफ्नो बिश्वासको कारण मारियो ।

पावलको बारेमा बिचार गर्नुहोस । पावल त्यो मानिसहो जसले इसाईहरुलाई सतायो । तर परमेश्वरले उसलाई बाइबलका धेरै पुस्तकहरु लेख्नलाई प्रेरणा दिनुभयो । उ त्यो मानिसहो जो प्रचार गरेको कारणले झयालखानामा जानुपरयो । उ अर्को मानिस थियो जो आफनो बिश्वासको कारण मारिनु परयो ।
पेज नं.६३ का उत्तरहरु : १. होईन २. उनिहरु नहस गर्छन, उनिहरु डराए, उनिहरु निरामी भए, उनिहरुको मृत्यु भयो

१. परमेश्वरको बचन फैलाउनलाई कसले सहायता गर्नुहुन्छ ?

______________________________________________।

२. येशूका दुईजना सामान्य अनुयअयीहरु को थिए ? जसले शुसमाचार फैलाए ।

______________________________________________।

पेज नं.६८ मा हेरेर आफना उत्तरहरु जाच्नुहोस ।

**अध्याय पाचँको शारांश**

परमेश्वर सबै मानिसहरु गाँचेको चाहानुहुन्छ । येशूले सबै मानिसहरुलाई पापबाट बचाउने परमेश्वरको योजना पुरा गर्नुभयो । जब येशू मर्नुभयो, अझैपनि धेरै मानिसहरुले तिनीहरु बचाईएका छन भन्ने थाहा पाएका थिएनन् । येशूको बारेमा कहिल्यै पनि नसुनेका मानिसहरु त्यहाँ थिए । येशूको बारेमा कहिल्यै पनि नसुनेका देशहरु त्यहा थिए ।

येशूले उहाँमा बिश्वास गर्नेहरुलाई एउटा आज्ञा दिनुभयो, जसलाई महान आज्ञा भनिन्छ । तिनीहरु सबै देशमा गए र तिनीहरुलाई चेलाहरु वा बिश्वासीहरु बनाए । यद्दपी येशूका चेलाहरु साधारण मानिसहरु थिए । तिनीहरुले उहाँको आज्ञापालन गरे फलस्वरुप तिनीहरुले यात्रा गर्न सके र तिनीहरुले येशूको बारेमा सिकाउन सके ।

अहिलेका इसाईहरुको लाागि पनि उस्तै महान आज्ञा छ । तिनीहरुले अरु मानिसहरुलाई येशूको बारेमा सिकाउनु पर्दछ । तिनीहरुले घरमा र घरबाट टाढा गएर सिकाउनु पर्दछ । तिनीहरु जहाँगए पनि सिकाउनुपर्दछ । परमेश्वरको उद्धारको योजना सबै मानिसहरुले येशूलाई नचिने सम्म पुराहुदैंन् ।

पेज नं.६४का उत्तरहरु :१. पवित्रआत्मा २. पेन्तीकोसमा

**अध्याय पाँचको जाच**

तलका प्रश्नहरुको उत्तर लेख्नुहोस ।

१. कुन इसाईहरुले शुसमाचार अरुलाई सिकाउनुपर्दछ ?

______________________________________________।

२. सबै संसारका मानिसहरुलाई अनुयअयी बनाउ जसलाई ______________________________ भनिन्छ ।

३. के इसाईहरुले अझै पनि पाप गर्दछन् ?

______________________________________________।

४. के इसाईहरुलाई अझैपनि समस्या र दुःखहरु को सामना गर्नु पर्दछ ?

______________________________________________।

५. के इसाईहरु सिद्द मानिसहरु हुन् ?

______________________________________________।

६. तिएकत्वमा इसाईहरुलाई अरुहरुलाई शुसमाचार सुनाउन कसले सहायता गर्नुहुन्छ ?

______________________________________________।

७. तिएकत्वमा इसाईहरुलाई असल जीवन जीउन कसले सहायता गर्नुहुन्छ ?

______________________________________________।

८.परमेश्वरको शिक्षा अनुसार जीउनुलाई ________________भनिन्छ ।

__________________________________________________।

९.येशूका प्रथम अनुयाईहरु ________________ र ________________ थिए ।

१०. के तपाईले अरुलाई शुसमाचार सुनाउन अर्को देशमा जानुपर्दछ ?

__________________________________________________।

पेज नं. ७३ मा हेरेर तपाईका उत्तरहरु जाच्नुहोस ।

पेज नं.६५ का उत्तरहरु
१. पवित्रआत्मा २. पत्रुस र पावल

# ०४ निष्कर्ष

**निष्कर्ष**: पत्रुस र पावलले महान आज्ञामा दिईएको कार्य लाई पुरा गरेनन् । आजपनि त्यो कार्य पुरा भएकोछैन् । परमेश्वर हामीले उहाँमा बिश्वासगर्नेहरुलाई उहाँको बचन सारा संसारभरी सिकाएको चाहनुहुन्छ । यो कार्य त्यतीबेला मात्र पुराहुनेछ, जब पवित्रआत्माले अन्तिम व्यक्तिलाई शुसमाचार सुनेर यसका महिमायोग्य र अचम्मका सत्यहरुलाई बिश्वास गरेर खिष्टमा आउन मद्दतगर्नुहुनेछ । अनि न्यायको दिन आउनेछ ।

प्रत्येक इसाई जो आज संसारमा जिवित छ, उसको येशूको बारेमा अरु मानिसहरुलाई बताउने जिम्मेवारी छ । परमेश्वरको को कसरी मानिसहरुलाई तिनिहरुका पापबाट बचाउने भन्ने योजना येशूको मृत्यू र पुनरुत्थानमा पुरा भएकोछ । परमेश्वरको संसारका सबै मानिसहरुलाई तिनीहरु पापबाट बचाईएका छन् भन्ने योजना अझैपुरा भएकोछैन् ।

येशूको बारेमा अरुलाई बताउनको लागि तपाई धनी वा नाम चलेको प्रसिद्द व्यक्तिहुनु पर्दैन् । येशूका धेरै पहिला चेलाहरु माछ्ा मार्ने जस्ता सामान्य काम गर्दथे । कोही कर संकलन गर्नेकाम गर्दथे जुन कामलाई मानिसहरु मन पराउदैनथे ।

येशूको बारेमा अरुलाई बताउने कार्यले तपाईलाई संसारमा सफल व्यक्ति बनाउदैन् । येशूको बारेमा

कुरागर्दा कुनै ठाउमा अझैपनि तपाई त्यहा सताईन सक्नुहुन्छ र त्यस ठाउँबाट तपाई खेदिनसक्नुहुन्छ । तब किन मानिसहरु अरुलाई येशूको बारेमा बताउदछन् ? किनकी यो परमेश्वरो योजना हो । किनकी संसारमा रहने प्रत्येक मानिसहरुलाई सुरुमा आदम र हब्बा (ईभ)सित भएको जस्तै परमेश्वरको प्रेम र उद्धार चाहिन्छ ।

त्यसकारण, यो इतिहास महत्वपुर्ण छ ।

# ७२ शब्दावली

| | |
|---|---|
| त्यागिनु | कसैलाई छोड्नु वा टाढा जानु । |
| दुर्घटना | कुनै योजना बिना नै केहीकुना हुनु । |
| पुर्खाहरु | ती व्यक्तिहरु जसद्धारा तपाईको परिवार को सुरुआत भयो । |
| प्रेरित | परमेशवरले पैगम्गरहरुलाई दिनुभएको शब्दहरु र गिचार जुन उनिहरुले गाइगल लेखे। |
| दोषारोपण | दोष लगाउनु |
| सम्पर्क कसैसंग | लिखित वा मौखिक रुपमा संवादमा हुनु |
| अपराध | निषेधित कुरा गर्नु |
| उद्धारगर्नु | कसैलाई कुनैकुरा बाट बचाउनु |
| इन्कारगर्नु | केहि कुरा नमान्नु । |
| अलपहुनु | हराउनु, बिलाउनु |
| साक्षीदिनु | कुनैकुरा गरेकैहो भन्ने प्रमाण दिनु |
| शुसमाचार | येशूको बारेमा असल समाचार |
| इतिहास | बितेका सत्य घटनाहरु को संग्रह |
| पवित्रआत्मा | त्रिएकत्वको तेस्रो व्यक्ति |

वंषाणुगत तपाईको आमा बुवाको जस्तै कुनैकुरा तपाईमा सर्नु

आविष्कार कुनैकुरा नयाँ पहिलो पटक बनाउनु

न्यायकोदिन संसारको अन्तको दिन, जब परमेश्वर सबै मानिसहरुको न्याय गर्नुहुनेछ

मौका अवसर

भविष्यबाणी पछिहुने कुराको अग्रिम जानकारी

दायित्व तपाईले गर्नैपर्ने कुराहरु

उद्धारकर्ता कुनैकुरा बाट मुक्ति दिलाउने व्यक्ति

त्रिएक परमेश्वर जो एउटै हुनुहुन्छ तर तीनवटा फरक व्यक्तित्व, पिता, पुत्र र पवित्रआत्मा ।

| ०४ | अध्याय जाचँका उत्तरहरु |
|---|---|

**अध्याय एक:**
१.परमेश्वर २. परमेश्वर ३. आषिश ४. हो ५. पापहरु ६. सबै मानिसहरु ७. पाप वा आदम र हब्बा(ईभ) ८. उद्धारकर्ता ९. घृणा, बचाइएको १०. फेरी किन्नु

**अध्याय दुई :**
१. आदम र हब्बा(ईभ) २. मारियो । ३. यूसुफ ४. पश्चाताप ५. हुदैन् ६. हुन्छ ७. पश्चाताप ८. दाउद ९. होईन् १०.

**अध्याय तीन:**
१. होईन २. अब्राहाम ३. संरक्षक ४. होईन ५. मोसा ६. मशिह वा उद्धारक ७. भविश्यवक्ता ८. होईन ९. जाँच

**अध्याय चार :**
१. येशू २. मशिह, पश्चाताप ३. भविष्यवक्ता ४. दाउद ५. बेतलेहम ६. हुन्छ ७. होईन ८. हो ९. हो १० . पुरागर्नु

**अध्याय पाँच :**
१. सबै बिश्वासीहरु २. महान आज्ञा ३. हो ४. हुन्छ ५. हुदैन् ६. पवित्रआत्मा ७. पवित्रआत्मा ८. पवित्रीकरण हुनु ९. पत्रुस, पावल १०. होईन्

# १४ अन्तिम जाँच

अघि तपाईले अध्यायको जाँचमा कहि त्रृटी गर्नुभएको छ भने पुनरावलोकन गर्नुहोस । अध्यायको सुरुमा ताराले संकेत गरेको लक्ष्यहरु पनि एक पटक हेर्नुहोस ।
जब तपाईलाई लाग्छ कि तपाई सबै अध्यायको जाँचका प्रश्नहरुको उत्तर लेख्न सक्नुहुन्छ, अब तपाई अन्तिम जाँचको लागि तयार हुनुहुन्छ ।
पुस्तकमा नहेरेर अन्तिम जाँच पुरागर्नु होस । जब तपाई जाँच पुरा गर्नुहुन्छ तपाईलाई यो पुस्तक दिने व्यक्तिलाई त्यो दिनुहोस अथवा यस पुस्तकको पछाडी भएको ठेगानामा पठाउनुहोस ।
तपाई यस श्रंखलाका अरु पुस्तकहरु पनि मगाएर पढन्सक्नुहुन्छ ।

| ७२ | संसारको लागि परमेश्वरको योजना<br>अन्तिम जाँच |
| --- | --- |

१. परमेश्वरले संसारलाई _______________ द्धारा बनाउनुभयो ।

२. जब परमेश्वरले संसार बनाउनुभयो, यो _______________ थियो ।

३. परमेश्वरले मानिसहरुलाई उहाँको आफ्नै _______________ मा बनाउनुभयो ।

४. परमेश्वरले मानिसहरुलाई दिनुभएको बरदानहरुलाई परमेश्वरको _______________ भनिन्छ ।

५. परमेश्वरको आज्ञापालन गर्नु_______________ हो ।

६. पहिलो पुरुष र पहिलो स्त्री _______________ र _______________ थिए ।

७. के पहिलो पुरुष र स्त्रीले नियमितरुपमा परमेश्वरको आज्ञापालन गरे ?
_______________________________________________।

८. पापको कारणले यो संसार _______________भएको थियो ।

९. परमेश्वर पापलाई _______________ गर्नुहुन्छ तर उहाँ पापीहरु _______________ चाहनुहुन्छ ।

१०. मुक्ती _______________ को अर्को शब्द हो ।

११. परमेश्वरले मानिसहरुलाई तिनीहरुका पापहरुबाट बचाउन _______________ पठाउने प्रतिज्ञा गर्नुभयो ।

१२. के परमेश्वरले प्रतिज्ञा गर्ने बित्तिकै उद्धारकर्ता आईहाल्नुभयो ?
_______________________________________________।

१३. मानिसहरु जो तिनीहरुका पापबाट _______________ गर्दछन् तिनीहरुलाई पश्चातापी पापीहरु भनिन्छ ।

१४. परेमश्वर पश्चाताप गर्ने पापीहरुलाई _______________ हुन्छ ।

१५. परमेश्वरले जो पश्चाताप गर्दैन _______________ गर्नु हुन्छ ।

१६. मोसा र अरु मानिसहरुले परमेश्वरको _______________ लेखे ।

१७. भविश्ष्यवक्ताहरुले मानिसहरुलाई परमेश्वरले ____________पठाउने गर्नुभएको प्रतिज्ञा सम्झाईनै रहे ।

१८.किनभने (पैगम्बर) भविश्ष्यवक्ताहरु र पुर्खाहरुले परमेश्वरको प्रज्ञिामा बिश्वाश गरे, तिनीहरु ________________ थिए ।

१९. के मानिसहरुमा आउने सबै दुष्टकुराहरु परमेश्वरले दिएको दण्ड हो ?
_________________________________________________।

२०. के मानिसहरु कष्टभएपनि परमेश्वरमा बिश्वासयोग्य हुनसक्छ ?
_________________________________________________।

२१. के परमेश्वरले उद्धारकर्ता पठाउने प्रतिज्ञा दोहोरयाउनुभयो ?
_________________________________________________।

२२. बाइबलले हामीलाई एउटा समूहको बारेमा धेरैकुराहरु बताउछ जो परमेश्वरको प्रतिज्ञाको संरक्षणको लागि छानिएको थियो । त्यो समूहलाई ________________ भनिन्छ ।

२३. उद्धारकर्ता जो आउनुभयो उहाको नाम ________________ हो । उहाँलाई ________________ र ________________ पनि भनिन्छ ।

२४. येशूले ________________ भन्नुभएको कुराहरु पुरागर्नुभयो ।

२५. के येशूको समयमा हुने सबै मानिसहरुलाई उद्धारकर्ताको खाँचो थियो ?

_____________________________________________।

२६. के येशूको समयमा हुने सबै मानिसहरुले उहाँको बारेमा थाहा पाएका थिए ?

_____________________________________________।

२७. येशूले के गर्नुभयो ? उहाँले आफ्ना चेलाहरुलाई महान ______________ दिनुभयो ।

२८. के आज सँसार हुने सबै मानिसहरुलाई उद्धारकर्ताको खाँचो छ ?

_____________________________________________।

२९. के आज संसारमा भएका सबै मानिसहरुले येशूलाई चिनेका छन् ?

_____________________________________________।

३०. के आज सबै इसाईहरुले अरु मानिसहरुलाई शुसमाचार सुनाउन मद्दत गर्नुपर्दछ ?

_____________________________________________।

खाली ठाउँमा निम्न जानकारीहरु लेख्नुहोस ।

नाम:________________________________________

ठेगाना:______________________________________

यस पुस्तकको बारेमा तपाईको बिचार लेख्नुहोस ।

Multi-Language Productions
Bringing the Word to the World

**God's Plan for the World-Nepali**
**Bible Teachings Series**
**MLP Catalog Number: 383283**